# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान
# स्कुल अफ नर्सिङ्ग एण्ड मिडवाइफेरी
# तथा
# स्कूल अफ मेडिसिन
# जुम्ला, कर्णाली, नेपाल

(प्रकाशित मिति २०७३/०३/२५ गते शनिवार)

## प्रविणता प्रमाणपत्र तह नर्सिङ्ग/जनरल मेडिसिन(हेल्थ असिष्टेण्ट)अध्ययनका लागि आवेदन सम्वन्धि सूचना

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालको अन्तरीम संविधान २०६३ को धारा ८३ बमोजिम छुट्टै ऐनद्वारा वि.सं. २०६८ मा स्थापित स्वायत्त विश्वविद्यालय स्तरको प्राज्ञिक संस्था हो । यस प्रतिष्ठानले आफ्नै स्कूल अफ नर्सिङ्ग एण्ड मिडवाइफेरी र स्कूल अफ मेडिसिन अर्न्तगत प्रविणता प्रमाणपत्र तहमा शैक्षिक सत्र २०७३/०७४ को लागि प्रतिस्पर्धात्मक प्रवेश परीक्षाको माध्यमबाट विद्यार्थी छनौट गर्नु पर्ने भएकोले तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन आव्हान गरीएको कुरा आवेदक, तिनका अविभावक, सरोकारवाला तथा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

ऐनले तोके बमोजिम यस शैक्षिक कार्यक्रमको कूल भर्ना संख्याको ४५% सिट पिछडिएको क्षेत्रका विपन्न वर्गका लागि आरक्षित गरिएको छ । कूल भर्ना संख्याको २०% (बीस प्रतिशत) विद्यार्थीलाई पूर्ण छात्रवृति उपलब्ध गराइने छ जुन सामुदायिक विद्यालयमा अध्ययन गरेका विपन्न विद्यार्थीहरुका निम्ति मात्र लागु हुनेछ । यस शैक्षिक सत्रका लागि कूल भर्ना संख्याको २०% (बीस प्रतिशत) स्थान साझेदारी र २०% (बीस प्रतिशत) स्थान आंशिक छात्रवृतिको लागि व्यवस्था गरिएको छ । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान (शिक्षण अस्पताल लगायत) मा हाल कार्यरत कर्मचारी र शिक्षक वर्गका छोरीका लागि आन्तरिक प्रतिस्पर्धाबाट छानिने गरि “डा. विकल्प पोखरेल” पूर्ण छात्रवृतिको प्रविणता प्रमाणपत्र नर्सिङ्ग तर्फ एक स्थान व्यवस्था गरिएको छ। बाँकी स्थान स:शुल्क (पूर्ण शुल्क तिर्ने) समूहका लागि छुट्याइएको छ ।

**१. आवश्यक न्यूनतम योग्यता**

क) आवेदक नेपाली नागरिक जनरल मेडिसिन (हेल्थ असिष्टेण्ट) को हकमा महिला/पुरुष र नर्सिङ्गको हकमा महिला मात्र हुनु पर्नेछ ।

ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा अंग्रेजी, विज्ञान र गणित विषयहरु लिई ४५% अंक ल्याई प्रवेशिका वा सो सरहको परीक्षा उतीर्ण गरेको हुनु पर्नेछ वा प्रवेशिका परिक्षा तथा सो सरहको परिक्षामा अंग्रेजी, विज्ञान र गणित विषयमा न्यूनतम सी ग्रेड र GPA न्यूनतम २ प्राप्त गरी उतीर्ण गरेको हुनु पर्नेछ अथवा अ.न.मी. र सी.एम.ए. को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य विज्ञानको अ.न.मी. र सी.एम.ए. तहमा कम्तीमा ४५% अंक ल्याई उतीर्ण गरी अ.न.मी. भए नर्सिङ्ग नेपाल नर्सिङ्ग परिषद (Nepal Nursing Council) मा दर्ता भएको र सी.एम.ए. भएमा नेपाल स्वास्थ्य व्यवसायी परिषद (Nepal Health Professional Council) मा दर्ता भएको हुनु पर्नेछ ।

**२. आवेदन फाराम :** कृषि विकास बैङ्क अर्न्तगत कुनै पनि शाखामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाउँमा रहेको खाता नं. ०२-११६-००१८०६७१-०१-७ लगनखेल, ललितपुर वा जुम्लाको खाता नं. ०७२१३००६२७८२५०१८ मा जम्मा हुने गरि रु. ५००/–(अक्षेरुपी पाँच सय मात्र) तिरेको भौचर पेश गरे पछि मिति २०७३ साल असाढ ३० गते देखि २०७३ साल श्रावण १४ गतेसम्म (शनिवार बाहेक) विहान १०:०० बजेदेखि अपरान्ह ४:०० वजेसम्म केन्द्रिय कार्यालय जुम्ला वा नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल, वि.पि. चोक, नेपालगञ्ज र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, सम्पर्क कार्यालय, महालक्ष्मीस्थान चोक, रिङ्गरोड ललितपुरबाट आवेदन फाराम र सूचना सामग्री प्राप्त गर्न सकिनेछ । फारामको नमुना, भर्ने तरिका साथै अन्य थप जानकारी यस प्रतिष्ठानको वेवसाइड **www.kahs.edu.np** मा हेर्न सकिनेछ ।

**३. प्रवेश परीक्षा दस्तुर :** आवेदन दर्ता गराउन आउँदा बैङ्कको माथि उल्लेखित खाता नम्वरमा जम्मा हुने गरि रु. १,०००/–(अक्षेरुपी एक हजार मात्र) तिरेको भौचर आवेदन साथ नत्थी गरि बुझाउनु पर्नेछ ।

द्रष्टब्य : फाराम र प्रवेश परीक्षा दस्तुर बापत बुझाइएको रकम फाराम रद्द भए पनि फिर्ता हुने छैन ।

**४. आवेदन फाराम बुझाउने मिति :**

मिति २०७३ साल अषाढ ३० गते देखि २०७३ साल श्रावण १४ गतेसम्म (शनिवार बाहेक) बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म बुझाउनु पर्नेछ । विशेष कारणवस ढिलो भएमा रु.५००/–(अक्षेरुपी पाँच सय मात्र) थप विलम्व शुल्क सहित २०७३ साल श्रावण २१ गते सम्म बुझाउन सकिने छ । आवेदकले आवेदन दर्ता गराउँदा अनिवार्य रुपमा प्रवेश पत्र लिएर जानु पर्नेछ ।

**५. परीक्षा केन्द्र, मिति र समय :**

परीक्षा केन्द्र आफ्नो आवेदन फाराममा उल्लेख गरे अनुरुप नै हुनेछ र आवेदन फाराममा उल्लेख गरे पश्चात परिवर्तन गर्न पाइने छैन ।

आवेदन फाराममा जुम्ला परीक्षा केन्द्र उल्लेख गर्नेका लागि चन्दननाथ उच्च माध्यामिक विद्यालय, खलङ्गा, जुम्ला ।

आवेदन फाराममा नेपालगञ्ज परीक्षा केन्द्र उल्लेख गर्नेका लागि : नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल, बि.पि.चौक, नेपालगञ्ज ।

मिति : २०७३ श्रावण २९ गते शनिवार ।

समय : विहान ९:३० बजे ।

**६. परीक्षाको किसिम :** वस्तुगत प्रश्नपत्रको लिखित परीक्षा ।

**नोट : आवेदन फारामको साथमा बुझाउनु पर्ने आवश्यक कागजाजहरु प्रोस्पेक्टसमा उल्लेख गरिए अनुसार अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।**